# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५७) काठमाडौं, असोज २८ गते, २०६४ साल (संख्या २७


## भाग ३

## नेपाल सरकार

## भूमिसुधार तथा व्यवस्था मन्त्रालयको

### सूचना १

इलाम जिल्ला अन्तर्गत चुलाचुली क्षेत्रको अव्यवस्थित बसोवास सम्बन्धी समस्या समाधान गर्नका लागि नेपाल सरकारले मालपोत ऐन, २०३४ को दफा ७ को उपदफा (१क) र जग्गा (नापजाँच) ऐन, २०१९ को दफा ११ख ले दिएको अधिकार प्रयोग गरी यो आदेश जारी गरेको छ ।

१. परिभाषाः (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो आदेशको प्रयोजनका लागि,-

(क) "समिति" भन्नाले दफा २ को उपदफा (१) बमोजिम गठित समिति सम्झनु पर्छ ।

(ख) "मन्त्रालय" भन्नाले भूमिसुधार तथा व्यवस्था मन्त्रालय सम्झनु पर्छ ।

२. समितिको गठन : (१) समितिको गठन देहाय बमोजिम हुनेछ :-

| | | |
|---|---|---|
| (क) | नेपाल सरकारले तोकेको व्यक्ति | - अध्यक्ष |
| (ख) | प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृत | - सदस्य |
| (ग) | प्रमुख, मालपोत कार्यालय इलाम | - सदस्य |
| (घ) | प्रमुख, नापी शाखा इलाम | - सदस्य |
| (ङ) | मन्त्रालयले तोकेको अधिकृत | - सदस्य-सचिव |

(२) समितिको वैठकमा उपलब्ध भएसम्म व्यवस्थापिका संसदमा प्रतिनिधित्व गर्ने दलका प्रतिनिधिहरुलाई आमन्त्रण गर्नु पर्नेछ र अन्य कुनै पदाधिकारी, व्यक्ति वा निकायका प्रतिनिधिलाई आवश्यकतानुसार वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिको वैठक आवश्यकतानुसार महिनामा बढीमा ३ पटकसम्म समितिले उपयुक्त ठहऱ्याएको स्थान र समयमा बस्नेछ ।

(४) समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।


७५५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. **समितिको काम, कर्तव्य र अधिकार :** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(१) चुलाचुली क्षेत्रको अव्यवस्थित बसोवास सम्बन्धी देहाय बमोजिमका समस्याहरुमा केन्द्रीत रही ती समस्याहरुको दिगो समाधानको लागि आवश्यकतानुसार उपयुक्त कानूनी एवं व्यवहारिक उपायको पहिचान गरी सो बमोजिम कार्यान्वयन गर्ने गराउनेः-

(क) जग्गा अधिग्रहणमा परेका जग्गाधनीहरुले सो को सट्टाभर्ना पाएपछि सट्टामा पाएको जग्गा बिक्री गरी साविक अधिग्रहण भएको जग्गा नै भोग गरी आएको ।

(ख) सट्टाभर्ना पाउने प्रतिक्षामा रहेका व्यक्तिहरुले सट्टाभर्ना नपाएको ।

(ग) तत्कालिन श्री ५ को सरकारले अधिग्रहण गरेको जग्गाको साविक व्यक्तिको नाममा रहेको दर्ताको लगत कट्टा नगरी मालपोत कार्यालयमा रोक्का मात्र राखेका कारण बेजिल्लाको मालपोत कार्यालयबाट लिखत पारित गरी वा सो नगरी घररुरकी लिख बाट हक हस्तान्तरण गरेको ।

(घ) सट्टाभर्नामा कुनै एक व्यक्तिलाई वितरण गरेको जग्गामा अन्य व्यक्तिहरु आई बसोवास गरेको ।

(ङ) तत्कालिन अवस्थामा मोहीलाई जग्गा सट्टाभर्ना दिने व्यवस्था नभएको ।

(च) अधिग्रहण भएको जग्गामा अधिग्रहण हुनु पूर्वका जग्गावाला बाहेक अन्य व्यक्तिले त्यस्तो जग्गाको भोगचलन गरेको ।

(छ) सट्टाभर्नामा जग्गा वितरण गर्दा जग्गाधनी दर्ता प्रमाण पूर्जा पाइसकेका व्यक्तिहरुको सो जग्गाको नक्सामा पूर्जा अनुसार कित्ताकाट नभएको ।

(२) उपदफा (१) मा उल्लिखित समस्याको अतिरिक्त अन्य कुनै समस्या भए सोको पहिचान गरी समाधानका लागि आवश्यकतानुसार उपयुक्त कानूनी एवं व्यवहारिक उपाय अवलम्वन गरी सो अनुसार गर्ने गराउने ।

(३) उपदफा (१) र (२) मा उल्लेख भए बमोजिम समस्याको पहिचान गरी समाधान गर्ने क्रममा समितिले आवश्यकतानुसार देहाय बमोजिम कार्य गर्ने गराउनेछः-

(क) जग्गाको सिमाना एकिन गर्ने,
(ख) जग्गाको नापजाँच गर्ने,
(ग) जग्गाको नक्सा तयार गर्ने,
(घ) जग्गाको फिल्डबुक, प्लट रजिष्टर तयार गर्ने,
(ङ) जग्गाधनी दर्ता श्रेस्ता/प्रमाणपूर्जा तयार गर्ने,
(च) जग्गाको लगत कट्टा गर्ने,
(छ) रोक्का तथा फुकुवा गर्ने,
(ज) दोहोरो दर्ता तथा श्रेस्ता कायम हुन नसक्ने व्यवस्था मिलाउने ।

(४) उपदफा (१) (२) र (३) मा उल्लेख भए बमोजिम समस्या समाधान गर्ने सन्दर्भमा समितिले कानूनी एवं व्यवहारिक उपायको पहिचान गर्दा यथासम्भव जनस्तरीय वा राजनैतिक सहमति जुटाई समस्या समाधानको दिगो उपायको पहिचान गर्नु पर्नेछ ।

४. **समितिको कार्यक्षेत्र :** चुलाचुली क्षेत्रमा रहेको अव्यवस्थित बसोवासी सम्बन्धी समस्याको विषयमा केन्द्रीत रही समितिको कार्यक्षेत्र इलाम, झापा र मोरङ जिल्ला हुनेछ ।

५. **समितिको कार्यालय :** समितिले स्थानको उपयुक्तता हेरी इलाम जिल्लाको चुलाचुली र आसपास क्षेत्रको कुनै स्थानमा आफ्नो कार्यालय स्थापना गर्न सक्नेछ ।

६. **निर्णय कार्यान्वयन, प्रमाणित तथा बरबुझारथ :** (१) समितिको निर्णय कार्यान्वयन तथा प्रमाणित गर्ने काम सदस्य-सचिवको हुनेछ ।

०३९८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो आदेश बमोजिम समितिबाट तयार भएका माइन्यूट, नक्सा, श्रेस्ता तथा अन्य कागजातहरु समितिको कार्य सम्पन्न भएपछि सम्बन्धित मालपोत कार्यालय वा नापी शाखामा बुझाउनु पर्नेछ र सो बुझाउने कर्तव्य सदस्य-सचिवको हुनेछ ।

७. **समितिको कार्य अवधि :** समितिको कार्य अवधि २०६४ साल चैत्र मसान्तसम्म हुनेछ । उक्त अवधिभित्र काम सम्पन्न हुन नसकेमा भूमिसुधार तथा व्यवस्था मन्त्रालयले कामको प्रगति र औचित्य हेरी एकैपटक वा पटक पटक गरी बढीमा ३ महिनासम्म म्याद थप गर्न सक्नेछ ।

## सूचना २

सुनसरी जिल्ला अन्तर्गत सप्तकोशी नदीमा २०२४, २०३६ र २०४६ सालमा आएको बाढीले महेन्द्रनगर, प्रकाशपुर र वराहक्षेत्र गा.वि.स.मा पुऱ्याएको क्षतीका कारण त्यस क्षेत्रमा वसोवास गर्ने वासिन्दाहरु विस्थापित भई महेन्द्रनगर गा.वि.स.को वडा नं १, २, ४, ८, भरौल गा.वि.स.को वडा नं. ३, ४ र वराहक्षेत्र गा.वि.स.को वडा नं. २ र ६ मा अस्थायी वसोवास गरी आएकोमा सो वासोवास गरी आएको जग्गाको नाँपजाँच गरी बाढीमा परेको जग्गाको सट्टाभर्ना दिई बाढी पिडित व्यक्तिहरुको वसोवासलाई व्यवस्थित गर्न आवश्यक भएकोले नेपाल सरकारले मालपोत ऐन, २०३४ को दफा २४ को उपदफा (१) को प्रतिवन्धात्मक वाक्यांश बमोजिम सरकारी जग्गाको आवश्यक व्यवस्था गर्न उक्त ऐनको दफा ७ को उपदफा (१क) ले दिएको अधिकार प्रयोग गरी यो आदेश जारी गरेको छ ।

१. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो आदेशको प्रयोजनको लागि,-

(क) "समिति" भन्नाले दफा २ को उपदफा (१) बमोजिम गठित समिति सम्झनु पर्छ ।

(ख) "मन्त्रालय" भन्नाले भूमिसुधार तथा व्यवस्था मन्त्रालय सम्झनु पर्छ ।

(ग) "विभाग" भन्नाले भूमिसुधार तथा व्यवस्थापन विभाग र नापी विभाग सम्झनु पर्छ ।

(घ) "कार्यक्षेत्र" भन्नाले बाढी पिडित व्यक्तिले साविक वा हाल वसोवास गरी आएको महेन्द्रनगर, भरौल, प्रकाशपुर र वराहक्षेत्र गाउँ विकास समिति सम्झनु पर्छ ।

(ङ) "जग्गाधनी" भन्नाले प्रचलित कानून बमोजिम साविकमा आफ्नो नाउँमा जग्गा दर्ता भई जग्गाधनी दर्ता प्रमाणपूर्जा पाएको वा नपाएपनि साविक दर्ता तिरो समेत भएको विस्थापित व्यक्ति वा निजको हकदार सम्झनु पर्छ ।

२. **समितिको गठन:** (१) समितिको गठन देहाय बमोजिम हुनेछ:-

(क) रामप्रसाद खतिवडा, विराटनगर ६ वरगाछी, चादनी चोक, मोरङ्ग - अध्यक्ष

(ख) प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय सुनसरी वा निजले तोकेको अधिकृत प्रतिनिधि - सदस्य

(ग) प्रमुख, जिल्ला वन कार्यालय, सुनसरी वा निजले तोकेको अधिकृत प्रतिनिधि - सदस्य

(घ) प्रमुख, नापी शाखा सुनसरी - सदस्य

(ङ) प्रमुख मालपोत अधिकृत, मालपोत कार्यालय सुनसरी - सदस्य सचिव

(२) समितको बैठकमा उपलब्ध भएसम्म व्यवस्थापिका-संसदमा प्रतिनिधित्व गर्ने दलका प्रतिनिधि, कुनै निकायका पदाधिकारी, व्यक्ति वा प्रतिनिधि मध्ये आवश्यकतानुसार बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) समितिले उपयुक्त ठहऱ्याएको स्थान र समयमा आवश्यकतानुसार महिनामा वढीमा ४ पटकसम्म बैठक बस्न सक्नेछ ।

(४) समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

३. समितिको काम, कर्तव्य र अधिकार: समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्:-

(१) सुनसरी जिल्लाको महेन्द्रनगर गा.वि.स. वडा नं. ५, ६, ९, प्रकाशपुर गा.वि.स. वडा नं. ५ र वराहक्षेत्र गा.वि.स. वडा नं. १, २, ६ मा सप्तकोशी नदीमा आएको वाढीको कारणले नदी कटानमा परी विस्थापित भएका जग्गाधनीहरुको यथार्थ लगत तयार गर्ने,

(२) लगत तयार गर्दा वाढीबाट क्षतिग्रस्त जग्गाको अवस्थाको विषयमा स्थलगत अध्ययन गरी कार्यालयमा रहेको मोठ श्रेस्तासंग भिडाई लगत तयार गर्ने,

(३) हाल वसोवास तथा भोगचलन गरी आएको महेन्द्रनगर गा.वि.स. वडा नं. १,२,४,८, भरौल गा.वि.स. वडा नं. ३,४ र वराहक्षेत्र गा.वि.स.को. वडा नं २ र ६ को जग्गाको विवरण संकलन गर्ने,

(४) संकलित विवरण तथा लगतको आधारमा सप्तकोशी नदीले कटान गरी वेसावूद भएको जग्गाको व्यक्तिको नाममा रहेको दर्ता लगत कट्टा गरी नेपाल सरकारको नाममा दर्ता गर्ने निर्णय गरी सो बमोजिम गर्न सम्वन्धित मालपोत कार्यालयमा पठाउने र सो को जानकारी स्थानिय निकायलाई दिने,

(५) हाल वसोवास गरी आएको क्षेत्रहरुको चार किल्ला एकीन गर्ने र सो क्षेत्रमा जग्गा (नाँपजाँच) ऐन, २०१९ बमोजिम नापनक्शा भएको भए नक्सामा कि.का. गर्ने र नभएको भए नाँपजाँच गर्ने गराउने,

(६) उपदफा (५) बमोजिम भोगको आधारमा नापनक्शा गर्ने कार्य समाप्त भएपछि साविक व्यक्तिका नाउँमा दर्ता भैसकेको वा प्रमाणभित्रको नदी कटानमा परि वेसावुद भएको जग्गा वापत देहाय बमोजिमको आधारमा सट्टाभर्नामा सम्बन्धित जग्गाधनीलाई जग्गा वितरण गरी जग्गाधनी दर्ता प्रमाणपूर्जा उपलब्ध गराउने:-

(क) वेसावुद भएको साविकको क्षेत्रफलसम्मको हाल भोगको जग्गा ।

(ख) वेसावुद भएको जग्गा भन्दा वढी क्षेत्रफल भोग गरी आएकोमा घरवासको कारणले वढी भएको जग्गा छुट्याई दिन नसकिने अवस्थाको कटानमा परेको भन्दा वढी क्षेत्रफलको जग्गा ।

(ग) वेसावुद भएको जग्गा भन्दा कम क्षेत्रफल भोग गरी आएकोमा सो भोग गरी आएको र माथि खण्ड(क) बमोजिम वढी भोग गरेको व्यक्तिबाट प्राप्त भएको वा प्राप्त हुने जग्गा ।

(७) उपदफा (६) को खण्ड(ख) बमोजिम वेसार्वुद भएका जंग्गा भन्दा वढी क्षेत्रफल उपलव्ध गराएको अवस्थामा मालपोत कार्यालयले रजिष्ट्रेशन प्रयोजनको लागि तोकिएको न्यूनतम मूल्यांकन वरावरको रकम असूल गरी राजश्वमा जम्मा गरी त्यस्तो वढी जग्गा व्यक्तिको नाममा दर्ता गर्ने ।

(८) सट्टाभर्ना वापत उपलव्ध गराउनु पर्ने जग्गा हाल भोग गरी आएको जग्गाभित्र पुग्ने भए सोही क्षेत्रभित्र र नपुग हुने भए के कति नपुग हुने हो ? जग्गा एकिन गरी सोही क्षेत्रको अन्य स्थानको कटान भएका व्यक्तिको विवरण सहित निकासाको लागि विभाग मार्फत मन्त्रालयमा पेश गरी निकासा भए बमोजिम गर्ने ।

४. <u>समितिको कार्यालयः</u> समितिले स्थानको उपयुक्तता हेरी महेन्द्रनगर गा.वि.स.को कुनै स्थानमा आफ्नो कार्यालय स्थापना गर्नेछ ।

५. <u>निर्णय कार्यान्वयन, प्रमाणित तथा वरबुझारथः</u> (१) समितिको निर्णय कार्यान्वयन तथा प्रमाणित गर्ने कार्य सदस्य-सचिवको हुनेछ ।

(२) यो आदेश बमोजिम समितिबाट तयार भएका माइन्यूट, नक्सा, श्रेस्ता तथा अन्य कागजातहरु समितिको कार्य सम्पन्न भएपछि सम्बन्धित मालपोत कार्यालय वा नापी शाखामा र जिन्सी सामानहरु मालपोत कार्यालयमा वुझाउनु पर्नेछ । यसरी वरबुझारथ गर्ने गराउने कर्तव्य सदस्य-सचिवको हुनेछ ।

६ <u>समितिको कार्यावधिः</u> समितिको कार्यावधि २०६४ साल चैत्र मसान्तसम्म हुनेछ । सो अवधि भित्र कार्य सम्पन्न हुन नसकेमा भूमिसुधार तथा व्यवस्था मन्त्रालयले कामको प्रकृति तथा औचित्य हेरी एकै पटक वा पटक पटक गरी वढीमा ३ महिनासम्म म्याद थप गर्न सक्नेछ ।

## सूचना ३

नेपाल सरकारले जग्गा (नाप जाँच) ऐन, २०१९ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी ललितपुर जिल्लाको देहायका गाउँ विकास समितिहरुमा पुनः जग्गा नाप जाँच गर्ने निर्णय गरेकोले यो आदेश जारी गरेको छ :-

१. टीकाथली गाउँ विकास समिति

२. इमाडोल गाउँ विकास समिति ।

आज्ञाले,
**बाबुराम आचार्य**
**नेपाल सरकारको निमित्त सचिव**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।